
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४४ पृष्ठ ८ | काठमाडौं, आइतबार ७ वैशाख २०८२ | वैशाख कृष्णपक्ष अष्टमी, नेपाल संवत् ११४५ | SUNDAY, APRIL 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## अब खेलाँची नठानौं भुटानी शरणार्थी समस्या

**नेपालीभाषी भएकै कारण भुटानले आफ्ना नागरिकलाई नेपालतिर लखेट्यो। नेपालले यो समस्या लामो समय बोकिरह्यो तर भुटानी शरणार्थीलाई स्वदेश फर्काउन अन्तर्राष्ट्रिय मुद्दा बनाउन सकेन। न भुटानसँगै गतिलो गरी अडान राख्न सक्यो जब तेस्रो मुलुक पुनर्वास सुरु भयो नेपाललाई लाग्यो यो समस्या सल्टियो। तर, होइन अमेरिकामा नयाँ राजनीतिक परिवर्तनसँगै विभिन्न अभियोगमा फर्काइएका भुटानी घुमीफिरी नेपालै आउन थालेका छन्। यो संख्या बढ्दै गयो भने नेपाल गम्भीर समस्यामा फस्नेछ। त्यसैले यसको समाधान बेलैमा खोज्नु बाञ्छनीय छ।**

अखण्ड भण्डारी/ पार्थ मण्डल | *झापा*

- को रिपोर्ट

समाचार पृष्ठ २

दमक नगरपालिका-३ स्थित बेलडाँगी भुटानी शिविर। ● डिकेश लामा

## ३ जना निष्कासित नेपालीलाई लिएर आयो अमेरिकी जहाज

**काठमाडौं** (अन्नपूर्ण) : निष्कासनमा परेका तीन नेपालीलाई छाड्न फेरि अमेरिकी जहाज नेपाल आएको छ। स्रोतका अनुसार जीभीएन १७६ एसएम नम्बरको अमेरिकी जहाज निष्कासित नेपालीहरूलाई छाड्न शनिबार नेपाल आएको हो।

यसअघि पनि अमेरिकी चार्टर विमानमार्फत ११ जनालाई नेपाल फर्काइएको थियो। अवैध रूपमा अमेरिका बस्दै आएका उनीहरूलाई गत फागुन २१ गते चार्टर विमानमार्फत नेपाल फर्काइएको थियो।

अमेरिकी राष्ट्रपति ट्रम्पको नीतिअनुसार पुनः तीन जना नेपालीलाई अमेरिकी विमानमार्फत नेपाल फर्काइएको हो। निष्कासनमा पर्नेमा चापागाईं, चौधरी र बुढा थरका एक-एक जना रहेका छन्।

गैरकानुनी रूपमा अमेरिका बस्दै आएका ती नेपालीहरूलाई अमेरिकी अध्यागमनले निष्कासन गरेको हो। 'गैरकानुनी रूपमा अमेरिकामा बसेर त्यहाँको अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा उनीहरूलाई नेपाल डिपोर्ट गरिएको रहेछ। अमेरिकाले अवैध नेपालीहरूलाई फर्काउने क्रम जारी राखेको छ,' स्रोतले अन्नपूर्णसँग भन्यो।

डोनाल्ड ट्रम्पले राष्ट्रपतिमा शपथ लिएपछि अमेरिकाको आप्रवासनसम्बन्धी नीति परिवर्तन भएको थियो।

## संविधान रक्षार्थ तीन शीर्ष नेता एक ठाउँ



सुरेन्द्र काफ्ले | *काठमाडौं*

राजनीतिक रूपमा फरक मत राख्ने तीन शीर्ष नेता अहिले एकै मोर्चामा उभिएका छन्, संविधान र गणतन्त्रको रक्षाका लागि। प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान जोगाउन हातेमालो गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा तिनीहरूले संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशी संविधानलाई जोगाउन साझा रणनीति बनाउन सहमति जनाए। पछिल्लो समय राजावादीहरूले हिंसात्मक गतिविधि बढाउँदै संविधानमाथि चोट पुर्‍याउन थालेपछि नेताहरू सचेत बनेका हुन्। बैठकमा देशको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशी संविधानको रक्षा गर्दै शान्ति र स्थायित्व कायम गर्ने विषयमा गहिरो छलफल भएको थियो। पछिल्लो समय राजावादी र पुनःस्थापनावादी समूहले संविधान र गणतन्त्रविरुद्ध चर्को विरोध मात्रै हैन, हिंसात्मक गतिविधिसमेत थालेपछि नेताहरू संवेदनशील बनेका हुन्।

**अराजकता बढ्दो**

गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनमा हिंसात्मक झडप हुँदा एक पत्रकारसहित दुई जनाको ज्यान गएको थियो।

» बाँकी पृष्ठ ६

## वडाध्यक्षहरू महिनौंदेखि विदेशमा, वडावासीलाई सेवामा सास्ती

शिव उप्रेती | *गोरखा*

सिरानचोक गाउँपालिका-५ विगत १० महिनादेखि वडाध्यक्षविहीन छ। वडाध्यक्ष ठानेश्वर पोखरेल गत असारमा बर्खे अधिवेशन सकेर अमेरिका गएदेखि अहिलेसम्म अनुपस्थित रहेको स्थानीय विष्णु पोखरेलले जानकारी दिए।

लामो समयदेखि वडाध्यक्ष अनुपस्थित भएपछि स्थानीयले वडाध्यक्षको खोजी गरी दिन माग गर्दै गाउँपालिका अध्यक्ष ज्ञानेन्द्र गुरुङलाई ज्ञापनपत्र पेस गरेका छन्।

'गत असारमा वडासदस्य रामचन्द्र पोखरेललाई कार्यवाहक तोकेर अमेरिका जानु भएको थियो', उनले भने, 'गत माघमा आएर फेरि उहाँलाई नै असारसम्मका लागि कार्यभार सुम्पिएर जानुभएको रहेछ। अरूलाई कार्यभार दिएर यत्तिका लामो समय हराउँदा वडावासी अन्यायमा परेका छौं।' जनताको काम गर्छु भनेर भोट माग्ने, चुनाव जित्ने अनि अर्कालाई कार्यवाहक दिएर विदेशमा बस्नु न्यायोचित नहुने स्थानीयको




- सिरानचोक गाउँपालिका-५ विगत १० महिनादेखि वडाध्यक्षविहीन छ।
- धार्चे गाउँपालिका-६ काशीगाउँ पनि विगत ८ महिनादेखि वडाध्यक्षविहीन छ।

भनाइ छ।

वडाध्यक्ष पोखरेल बिना जानकारी लामो समयदेखि सम्पर्कविहीन भएको गाउँपालिकाका अध्यक्ष ज्ञानेन्द्र गुरुङले जानकारी दिए। 'ज्येष्ठ वडासदस्य रामचन्द्र पोखरेललाई कार्यवाहक दिनुभएको रहेछ, तर गाउँपालिकालाई कुनै जानकारी छैन', गुरुङले भने, 'मैले नै धेरै पटक सम्पर्क गरेर सोधपुछ गर्ने प्रयास गरेँ, तर सम्पर्क हुन सकेको छैन।'

धार्चे गाउँपालिका-६ काशीगाउँ पनि विगत ८ महिनादेखि वडाध्यक्षविहीन छ। वडाअध्यक्ष धनकुमार घलेले अर्कालाई कार्यवाहक सुम्पिएर बेलायत गएपछि आफूहरू अभिभावकविहीन भएको वडावासीको गुनासो छ। 'रवीन्द्र घलेलाई कार्यवाहक दिएर भदौ १२ गतेदेखि उहाँ बेलायत जानुभएको हो, अहिलेसम्म फर्कनु भएको छैन', स्थानीय कान्ते गुरुङले भने, 'जनताको सेवा गर्छु भनेर भोट माग्ने, चुनाव जित्ने अनि पिठ्यूँ फर्काएर हिँडेपछि हामीलाई समस्या भएको छ।' साना, ठूला सबै समस्या समाधान गर्न वडाध्यक्षको आवश्यकता पर्ने भन्दै उनले भने, 'कार्यवाहक त कामचलाउ मात्रै हो। वडाध्यक्ष नभएपछि हाम्रो वडा धेरै समस्यामा परेको छ।'

» बाँकी पृष्ठ ६

